# फाल्गुनन्द राजपत्र


फाल्गुनन्द गाउँपालिका द्धारा प्रकाशित

खण्ड-८ संख्या-१ मितिः२०८२/०५/१०


## भाग-१
## फाल्गुनन्द गाउँपालिका
## कोशी प्रदेश, नेपाल

# फाल्गुनन्द गाउँपालिकाको शिक्षा ऐन २०८२

# फाल्गुनन्द गाउँपालिका पाँचथरको शिक्षा ऐन, २०८२

गाउँसभाबाट पारित मितिः २०८२/०३/१०

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि आवश्यक जनशक्ति तयार गर्न स्थानीय र राष्ट्रिय माग अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, सीपमूलक रोजगारमूलक एवं जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नौतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सन्चालन भईरहेका विद्यालयहरुको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान-२०७२ को धारा २२६ ले दिएको अधिकार तथा "स्थानीय सरकार सञ्चालन ऐन - २०७४" को दफा १०२ (१) वमोजिम फाल्गुनन्द गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस ऐनको नाम "फाल्गुनन्द गाउँपालिकाको शिक्षा ऐन, २०८२" रहने छ।

ख. यो ऐन फाल्गुनन्द गाउँपालिकाभित्र मात्र लागू हुनेछ।

ग. यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

क. "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार बर्ष उमेर पुरा गरेका बालबालिकाहरुलाई दिइने एक बर्ष अवधिको शिक्षा सम्झनु पर्दछ।

ख. "एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले गर्भावस्था देखि पाँच वर्ष उमेर सम्मलाई सर्वाङ्गिण विकास र अधिकार सुनिश्चितता गर्न थालिएको कार्यक्रम सम्झनु पर्छ।

ग. "नमूना विद्यालय" भन्नाले नेपाल सरकारको विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम छनौट भइ तोकिए अनुसारको भौतिक तथा शैक्षिक पूर्वाधार पूरा भएको माध्यामिक विद्यालय सम्झनु पर्दछ।

घ. "गाउँ शिक्षा विकास कोष" भन्नाले सेवा शुल्क र विज्ञापनबाट प्राप्त रकम वुझिनेछ जुन रकम शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने कार्यमा उपयोग गरिने छ।

ङ. "बाल शिक्षक" भन्नाले प्रारम्भिक बाल शिक्षाको कक्षा सञ्चालन गर्ने शिक्षक सम्झनुपर्छ।

च. "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

छ. "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

ज. "गाउँपालिका" भन्नाले फाल्गुनन्द गाउँपालिकालाई सम्झनु पर्छ। यो शब्दले गाउँ कार्यपालिकालाई समेत जनाउनेछ।

झ. "गाउँ सभा" भन्नाले फाल्गुनन्द गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

ञ. "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, अटिज्म, बौद्धिक अंपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

ट. "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक तहको दुवै शिक्षा सम्झनु पर्छ।

ठ. "प्राविधिक तथा ब्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षाको साथै नेपाल सरकारबाट मान्यता प्राप्त बिद्यालयमा सञ्चालित शिक्षालाई प्राबिधिक शिक्षा सम्झनु पर्छ।

ड. "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झिनुपर्दछः

१. दृष्टिविहीन, न्यून दृष्टियुक्त सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपांगता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतीको अधिनमा रही दिइने शिक्षा।

२. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा।

ढ. "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नंकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमितरूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

ण. "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा स्थापना गरिएको नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झिनु पर्छ।

त. "कर्मचारी" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीहरु सम्झनु पर्छ।

थ. "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

द. "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

ध. "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृती प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

न. "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

प. "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायीरुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि. भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी. आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायीरुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

फ. "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ।

ब. "आधारभूत शिक्षा उत्तिर्ण परीक्षा" भन्नाले आधारभूत (कक्षा ८) तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

भ. "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

म. "गाउँ शिक्षा अधिकारी" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शाखा प्रमुख सम्झनुपर्दछ।

य. "स्थानीय पाठक्रम र पाठ्यपुस्तक" भन्नाले स्थानीय भाषा, संस्कृति, धर्म, कृषि, पशु, वनपैदावार, पर्यटन आदि परम्परागतरुपमा संचालन भै आएका विषयवस्तुहरुलाई समेटि बनाइएको पाठ्यक्रमलाई सम्झनु पर्छ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने:**

१. कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले नीजि शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकाको गाउँपालिका शिक्षा समिति समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

२. उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार अनुमति दिइनेछ।

३. उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार स्वीकृति प्रदान गरने छ।

४. यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ।

५. उपदफा (४) बमोजिम निवेदन परेमा गाउँपालिका शिक्षा समितिले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न वडा शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिइनेछ।

६. उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन।

अ. सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

आ. सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय, र

इ. कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

७. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

अ. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

आ. शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

इ. शैक्षिक गुठीको आय व्यय सम्पत्ति लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

ई. शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेष पछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

८. कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका शिक्षा समितिबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

९: उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन।

तर माथिका उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन। तर नेपाल सरकारसंग सम्झौता भएमा

त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्नेछ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

**४. आवासीय विद्यालय सम्बन्धी व्यवस्था:-** आवासीय विद्यालय सम्बन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**५. परीक्षाको सञ्चालन:** विभिन्न तहको शिक्षा उत्तिर्ण तथा योग्यता परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**६. माध्यमिक शिक्षाको प्रकार:** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन ।

क. साधारण माध्यमिक शिक्षा ।

ख. प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा, नैतिक शिक्षा, संस्कृत शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था:**

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा, नैतिक शिक्षा र संस्कृत शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**८. शिक्षाको माध्यम:**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ:

क. आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ख. गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

ग. भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

घ. अनिवार्य अंग्रेजी विषय अध्यायन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**९. विद्यालयको पाठ्यक्रम र पाठ्युस्तक:** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाई उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको राष्ट्रिय पाठ्यक्रमको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गर्न सक्नेछ ।

**१०. गाउँ शिक्षा समिति:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहनेछ ।

क. गाउँपालिकाको अध्यक्ष वा अध्यक्षको काम गर्न तोकेको व्यक्ति -अध्यक्ष

ख. गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग. सामाजिक विकास समितिको संयोजक - सदस्य

घ. गाउँ कार्यपालिकाले मनोनित गरेको गाउँ सभाका सदस्यहरु मध्येबाट एक जना - सदस्य

ङ. गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

च. समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना महिला पर्ने गरी दुई जना - सदस्य

छ. शिक्षण पेशामा उच्च योगदान पुऱ्याएका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एकजना प्र. अ. -सदस्य

ज. संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

झ. गाउँपालिका शिक्षक महासंघको अध्यक्ष -सदस्य

ञ. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, शाखा प्रमुख सदस्य - सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यहरुको कार्यकाल ३ वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउनु वा वर्खास्त गर्नु अंघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन।

(४) गाउँपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क. आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने।

ख. गाउँपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति दिने, स्वीकृति दिने, विद्यालय सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा र तह थपघट गर्ने सम्बन्धि कार्यहरु गर्ने।

ग. विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने।

घ. आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र व्यवस्थित वनाउन सहयोग गर्ने।

ङ. गाउँपालिका क्षेत्रभित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

च. विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने।

छ. विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने गराउने।

ज. विद्यालयका समस्याहरुमा आवश्यकता अनुसार मध्यस्थता गर्ने।

झ. शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने,

ञ. विद्यालयको सामाजीक परीक्षण गर्ने गराउने।

ट. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने।

ठ. विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

ड. शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

ढ. शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने, गराउने।

ण. विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने।

त. माध्यमिक तहसम्मको प्राबिधिक शिक्षा संचालन तथा व्यवस्थापन गर्ने।

थ. सामुदायिक विद्यालयको लागि बितरण गरिएका दरबन्दी शैक्षिक सत्रको शुरुमा मिलान गर्ने।

द. बिद्यालयमा प्रधानाध्यापक सम्वन्धी विवाद भई असामान्य अवस्था सृजना भएमा वडा शिक्षा समितिको सिफारिसमा प्र. अ. को अन्तिम टुङ्गो लगाउने।

ध. अन्य तोकिए वमोजिमका कार्यहरु गर्ने।

**११. मातृभाषा शिक्षा सम्बन्धी व्यवस्थाः-** मातृभाषा शिक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. विद्यालय, सामुदायिक सिकाई केन्द्र र बालविकास केन्द्रहरुको अनुगमन सम्बन्धी व्यवस्थाः** फाल्गुनन्द गाउँपालिका भित्र रहेका विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्रहरु र वालविकास केन्द्रहरुको अनुगमन तथा नियमन गाउँ शिक्षा समिति, गाउँ शिक्षा अधिकारी र सम्बन्धित शाखाको अधिकृतहरुको एकिकृत समूह वा एकल व्यक्तिबाट हुनेछ ।

**१३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नेपाल सरकारले स्वीकृती प्रदान गरी सञ्चालन एबं ब्यबस्थापनमा रहेका, नेपाल सरकारबाट थप हुन आउने सामुदायिक सिकाइ केन्दहरुलाई नेपाल सरकारबाट प्राप्त अनुदान उनीहरुको कार्यसम्पादनका आधारमा उपलब्ध गराउंदै गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न थप सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१४. स्थायी अध्यापन अनुमतिपत्र लिनु पर्नेः** सामुदायिक विद्यालयले करारमा शिक्षक नियुक्ति गर्दा नेपाल सरकारबाट स्थायी अध्यापन अनुमतिपत्र लिएका मात्र उम्मेदवार हुन योग्य मानिनेछ ।

**१५. अनुदानको व्यवस्थाः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

**१६. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**१७. फाल्गुनन्द प्रज्ञा प्रतिष्ठान सम्बन्धी व्यवस्थाः** फाल्गुनन्द प्रज्ञा प्रतिष्ठान सम्बन्धी व्यवस्था प्रतिष्ठानको ऐनमा तोकिए बमोजिम हुनेछ ।

**१८. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१९. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था :**

विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**२०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको खण्डमा वडा शिक्षा समिति वा विद्यालय अनुगमन समितिले सिफारिस गरेमा सोको कारण खुलाई गाउँपालिका शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिका शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२१. **विद्यालयको विनियमः** (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई बिद्यालय ब्यबस्थापन समितिले निर्माण गरी लागू गर्नु पर्नेछ।

(२) अभिभावक सभाले दिएको जनादेश बमोजिम बिद्यालय ब्यबस्थापन समितिले आवश्यकता अनुसार विनियम संसोधन गर्न सक्नेछ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(४) अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत गाउँपालिका शिक्षा समितिमा पेश गर्नुपर्नेछ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न सक्नेछन।

२२. **वडा शिक्षा समितिः** (१) वडा स्तरमा देहाय बमोजिमको एक वडा शिक्षा समिति गठन हुनेछ।

क. वडा समितिको अध्यक्ष – अध्यक्ष

ख. वडा समितिका सदस्यहरु मध्ये वडा समितिको बैठकले तोकेको एक जना – सदस्य

ग. अगुवा विद्यालयको प्रधानाध्यापक एक जना – सदस्य

घ. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

ङ. वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एक जना महिला सहित २ जना -सदस्य

च. संस्थागत विद्यालयका प्र.अ. मध्येवाट वडा शिक्षा समितिले तोकेको एक जना १ जना प्र.अ. -सदस्य

छ. सम्बन्धित वडाको सचिव -सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ।

२३. **गाउँपालिका शिक्षा विकास कोषः** (१) सामुदायिक तथा संस्थागत विद्यालयको भौतिक पूर्वाधार विकास तथा शैक्षिक सुधारमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिकास्तरमा एक गाउँपालिका शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः–

क. नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

ख. प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

ग. गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

घ. संस्थागत विद्यालयबाट प्राप्त हुने तोकिए बमोजिमको रकम,

ङ. चन्दाबाट प्राप्त रकम,

च. अन्य स्रोतबाट प्राप्त रकम ,

२४. **कोष सञ्चालक समितिः** (१) कोष सञ्चालक समिति तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

२५. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

क. नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,
ख. गाउँपालिका शिक्षा विकास कोषबाट प्राप्त अनुदान,
ग. शुल्क तथा सहयोगबाट प्राप्त रकम,
घ. चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
ङ. अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

२६. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** ( १) गाउँपालिकाले तोकिएको क्षेत्र सँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

२७. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** (१) गाउँपालिकाले हाल सञ्चालन भइरहेका बढिमा ३० मिनेटको हिँडाईको दुरी, विद्यार्थी संख्या र भौतिक संरचना हेरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभि एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिंदा विद्यालय क्षेत्रको वातावरण, प्रदुषण जोखिम निर्धारण गरि निर्देशन गर्न गराउन सक्नेछ ।

२८. **विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले नजिकको अन्य बिद्यालयलाई हस्तान्तरण गर्ने छ । अन्य बिद्यालयमा हस्तान्तरण हुन नसकी विद्यालयको काममा वा सामुदायिक प्रयोगमा नआउने भएमा वडा शिक्षा समितिको सिफारिसमा प्रचलित कानुन बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिकाको शिक्षा विकास कोषमा जम्मा गरिनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइनेछैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति विना बेचबिखन गर्न पाइने छैन ।

(६) विद्यालयले प्रयोग गरेको सार्वजनिक, प्रति जग्गालाई विद्यालयको नाममा दर्ता गराउने प्रक्रिया गाउँपालिकाबाट अगाडी बढाइने छ ।



कृष्ण हाङ आङबुहाङ
अध्यक्ष

२९. **विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिए बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

३०. **अनुमति वा स्वीकृति रद्द गर्नेः** (१) कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिका शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३१. **विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

३२. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहितरुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ।

३३. **शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले शैक्षिक गुणस्तर अभिबृद्धिको लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाईने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाईने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सेवा, सुविधा र व्यवस्थापनको आधारमा दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिका शिक्षा अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न निर्देशन दिन सक्ने छ। यसरी निर्देशन प्राप्त हुन आएमा सम्बन्धित बिद्यार्थीलाई शुल्क फिर्ता गर्नु पर्नेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँपालिका शिक्षा समितिले कसुरको मात्रा हेरी बढीमा पचास हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

**३४. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजिम एक शिक्षक महासंघ रहनेछ।

(२) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले नोकरीबाट हटाउन गाउँपालिका शिक्षा समितिमा सिफारिस गर्नेछः–

क. तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

ख. विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग. विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

घ. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ. शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

च. शिक्षक वा कर्मचारीहरुले व्यवसायिक हकहितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा बिद्यालय/कार्यालय समयमा संलग्न भएमा,

(३) उपदफा (२) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने प्रर्याप्त प्रमाण प्राप्त भएमा गाउँकार्यपालिकाले नीजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ।

(**स्पष्टिकरण**: यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ।)

**३५. स्थायी आवासीय अनुमति लिन नहुने:** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

**३६. शैक्षिक योग्यता:** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

**३७. शिक्षक–विद्यार्थी अनुपात मिलाउनु पर्ने:** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ।

**३८. शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**३९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने:** (१) दफा ३५ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

**४०. शिक्षकको नियुक्ति र सरुवा:** (१) सामुदायिक विद्यालयको रिक्त दरबन्दीमा करार शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) सरुवा हुन आवेदन दिने कार्यरत शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा भई जाने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी गाउँशिक्षा समितिले तोकिए बमोजिम रिक्त दरवन्दीमा गाउँपालिकाभित्र सरुवा गर्न सक्नेछ।

(३) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी अर्को नगरपालिका वा गाँउपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ।

(४) सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि प्रक्रिया पुरा गरी गाउँ कार्यपालिकाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(५) गाउँपालिका भित्रको रिक्त दरबन्दीमा जिल्ला बाहिरको शिक्षकलाई आवश्यक प्रक्रिया पुरा गरी सरुवा आउनको लागि सहमति प्रदान गर्न सकिने छ।

(६) सरुवा सम्बन्धि कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुने छ।

**४१. दरवन्दी मिलान:** (१) तोकिंएको मापदण्डको आधारमा बढी दरवन्दी भएको बिद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँपालिका शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्ने छ।

(२) दरबन्दी मिलान सम्बन्धी कार्यविधि तोकिएको मापदण्ड पुरा गरी गाउँपालिका शिक्षा समितिले बनाउन सक्नेछ।

**४२. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने:** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिकरुपमा विपन्न, जेहेन्दार, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ। यसरी छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीलाई गाउँपालिकाले उच्च शिक्षा अध्ययनका लागि अन्य छात्रवृत्ति प्राप्त गर्नका लागि पनि सिफारिस गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ।

**४३. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** (१) दफा ३९ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा गणना समेत हुने छैन।

४४. **प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको सँख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा(१) बमोजिमका प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने छ ।

ख) व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि आधारभूत (१–५) तहको प्र.अ. को हकमा शिक्षा शास्त्र बिषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, आधारभूत (१–८) तहको हकमा कम्तीमा शिक्षा शास्त्र बिषयमा स्नातक तह वा सो सरह, माध्यामिक(९–१२) तहको विद्यालयको हकमा शिक्षा शास्त्र बिषय/अन्य विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट दरखास्त आह्वान गर्ने छ । तर शिक्षा शास्त्र बिषयमा स्नातक वा सो सरहको परीक्षा उत्तिर्ण गरी माध्यामिक तहमा दश बर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्र. अ. को पदमा उम्मेद्वार हुन पाउने छ ।

ग) उपनियम (२) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेक म्याद भित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिन सक्ने छ ।

घ) उपनियम (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनोट समिति समक्ष पठाउने छ ।

ङ) उपनियम (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनोट समितिले प्र. अ. व्यवस्थापनका आधारमा मूल्यांकन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वार प्र. अ. को पदमा नियुक्ति गर्न वि. व्य. स. समक्ष सिफारिस गर्नु पर्नेछ । तर, ६० अंक पनि प्राप्त नगर्ने उम्मेद्वारलाई प्र. अ. को पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन ।

च) यसरी नियुक्त भएको प्र. अ. को पदावधि ५ बर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्त हुन सक्नेछ ।

छ) प्र. अ. ले आफूले गरेको कार्य दक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नरहेको वा निजको कारणले विद्यालयमा असामान्य अवस्था सृजना भएमा वडा शिक्षा समितिको सिफारिसमा गाउँपालिका शिक्षा समितिले निजलाई प्र. अ. को पदबाट जुनसुकै बेला हटाउन सक्ने छ ।

ज) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपनियम बमोजिम प्र. अ. लाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(३) सामुदायिक विद्यालयका प्रधानाध्यापकले देहाय बमोजिम मासिक थप प्रअ भत्ता पाउनेछः

(क) माध्यमिक विद्यालयको प्रधानाध्यापकले - पाँच सय रुपैया

(ख) निम्न माध्यमिक विद्यालयको प्रधानाध्यापकले - चार सय रुपैया

(ग) प्राथमिक विद्यालयको प्रधानाध्यापकले - तीन सय रुपैया

(४) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भै प्रधानाध्यापक उपस्थित नभए सम्म वा प्रधानाध्यापकको पदपूर्ति नभए सम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये तोकिएको योग्यता पुगेका बरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई कामकाज गर्ने छ । तर, कुनै विद्यालयमा १ भन्दा बढी तह भएमा माथिल्लो तहको बरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्ति गर्दा छुट्टै प्रक्रिया निर्धारण गरी नियुक्ति गर्न सक्ने छ ।

(६) प्रधानाध्यापक नियुक्ति गर्दा जुन तहको विद्यालय हो सोही तहमा अध्यापन गराउन चाहिने न्यूनतम शैक्षिक योग्यता भएको शिक्षकलाई मात्र प्रधानाध्यापकको पदमा नियुक्ति गर्नु पर्ने छ ।

(७) प्र. अ. सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

४५. **शिक्षक छनोट समितिः** शिक्षक छनौट समितिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. **स्वयंसेवक शिक्षक सम्बन्धी व्यवस्थाः** स्वयंसेवक शिक्षकको नियुक्ति प्रक्रिया र सेवा सुविधा र सर्त सम्बन्धी व्यवस्था कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

४७. **परीक्षा र नियन्त्रण सम्बन्धि व्यवस्थाः** परीक्षा र नियन्त्रण सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **आधारभूत तह (कक्षा ८) उत्तिर्ण परीक्षाको परीक्षा सञ्चालन,ब्यबस्थापन तथा नियन्त्रणः** आधारभूत तह कक्षा ८ उत्तिर्ण परीक्षाको परीक्षा सन्चालन व्यवस्थापन तथा नियन्त्रण सम्बन्धी व्यावस्था निर्देशिकामा तोकिए बमोजम हुनेछ ।

४९. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुव्र्यवहार गर्न नहुनेः** (१) कुनै पनि बालबालिकालाई बिशेष परिस्थिति बाहेक विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

५०. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः** (१) संविधान प्रदत्त वालवालिकाको हकलाई पूर्ण पालना गरिने छ ।

(२) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाईने छैन।

(३)उपदफा (२) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको प्रगति विवरण गाउँ शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

५२. **दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः–

क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ. परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ. नक्कली परीक्षार्थीकारुपमा अरूको तर्फबाट परीक्षा दिएमा,

च. परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

छ. विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज. अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा।

झ. कानून विपरीतको अन्य कार्य गरेमा।

(३) कानून बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएको अवस्थामा अदालतबाट आदेश भए बमोजिम त्यस्तो शिक्षक वा कर्मचारी निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई प्रचलित कानुन बमोजिम विभागीय सजायं गरिनेछ।

**५३. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ।

**५४. साझेदारीमा विद्यालय संचालन गर्न सकिने:**

(१) नेपाल सरकारले सामुदायिक विद्यालय र सार्वजानिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालय तथा एक भन्दा बढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयहरु विच साझेदारीमा विद्यालय संचालन गर्न सक्नेछ।

(२) उपदफा १ बमोजिमका विद्यालय ब्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार, साझेदारीका तरीका तथा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियमावली बनाई लागू गर्न सक्नेछ।

**५६. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदा सम्म गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**५७. बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिने छ।

**५८. बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावलीमा लेखिएका कुराहरु सोही बमोजिम र नलेखिएको कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) संविधानसँग यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निष्कृय हुनेछन्।

(४) यस अघि कानून वमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन।

(५) यस ऐनमा उल्लेख भएका प्रावधानहरु संघीय कानून तथा प्रदेश कानूनसंग नबाझिएको हद सम्म लागू हुनेछन।